मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जाबाँस गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.: १५२२
प.सं.: २०८१/८२

ने.सं.११४५,चौलाथ्व,द्वादशी
मितिः २०८१/१२/२८

*तह वृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना*
*(सूचना नं.-२१/०८१/०८२)*

स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अवधि पूरा भएका,पछिल्ला पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका,दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली,२०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची -१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१.सक्कल निवेदन,
२.हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी,
३.नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
४.कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपी,
५.अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी,
६.पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण,
७.सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र
८.हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९.तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी

२०८१।१२।२८
..............................
काशिराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत